मिति: २०८१।०२।१६ गते　　समय: बिहान ७:३० बजे　　बैठक सङ्ख्या: ५३

## कार्यपालिका बैठकका निर्णयहरू

**प्रस्ताव नं. १: अघिल्लो बैठकका निर्णयहरूको समिक्षा।**

निर्णय: अघिल्लो कार्यपालिका बैठकका निर्णयहरूको समिक्षा भयो। कार्यान्वयन हुन बाँकी निर्णयहरू तत्काल कार्यान्वयन गर्ने।

**प्रस्ताव नं. २: बसपार्कको जग्गा सट्टा भर्ना सम्बन्धमा।**

निर्णय: अमरगढी नगरपालिका अन्तर्गत पर्ने सराउनीका घाणा सामुदायिक वन क्षेत्रभित्र पर्ने ०.९६ (शुन्य दशमलव नौ छ) हेक्टर वन क्षेत्रमा बसपार्क निर्माणका लागि सो क्षेत्रफल बराबरको जग्गाको सट्टा भर्नाका लागि वन तथा वातावरण मन्त्रालयसँग प्रतिबद्धता जाहेर गरिएकोमा सो प्रकृतिको जग्गा नगरपालिकासँग नरहेको र वन क्षेत्रसँग जोडिएको समान भौगोलिक र परिस्थितिकीय प्रणालीसँग मिल्दो निजि जग्गा खरिद गर्न मिति २०८१।०२।०७ मा सार्वजनिक सूचना प्रकाशन गरिएकोमा कसैबाट पनि निवेदन नपरेकाले जग्गा उपलब्ध हुन नसक्ने व्यहोरा वन नियमावली, २०७९ को नियम ९२ बमोजिमको जग्गा प्राप्ती सहजीकरण समितिलाई अनुरोध गर्ने र नियमावलीको अनुसूची ५१ बमोजिमको रकम तथा नियम ९३ को उपनियम ४,५ र ६ मा उल्लेख भए अनुसारको रकम समेत वन विकास कोषमा जम्मा गर्ने प्रतिबद्धता जाहेर गर्ने।

**प्रस्ताव नं. ३: सालिक अनावरण सम्बन्धमा।**

निर्णय: अमरगढी किल्लामा स्थापित अमरसिंह थापाको पूर्ण कदको सालिक अनावरण नगरपालिकाका प्रमुखद्वारा मिति २०८१।०२।२१ मा गर्ने। साथै उक्त किल्लामा रहेको पुरानो अर्धकदको सालिक नेपाली सेनाको दहव्यारेकमा स्थापन गर्न अर्जुनवाण गणलाई हस्तान्तरण गर्ने।

२०८१।०२।१६

अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल